Govt. Reg. No. 149/053/054

# नेपाल मानव अधिकार संगठन

HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

Estd: 1988 A.D. (2045 B.S.)

मिति-२०७६/१२/२०

## कोभिड-१९(कोरोनाभाईरस)को विश्वव्यापी महामारी सम्बन्धमा नेपाल मानव अधिकार संगठनको अपिल ॥

विश्वव्यापी फैलिएको कोभिड १९ (कोरोनाभाईरस)को प्रकोप र नेपाल सरकारको सार्वजनिक आव्हानमा सम्भाब्य महामारी नियन्त्रण, रोकथाम तथा उपचारलाई प्रभावकारी बनाउन २०७६ साल चैत्र ११ गतेदेखि सुरुभएको लकडाउन घोषणा र त्यसबाट उत्पन्न परिस्थिति सर्वविदितै छ ।

यस कठिन परिस्थितिमा राज्यबाट समयमै लकडाउनको घोषणा, उपत्यका बाहिर पनि कोरोना परिक्षण ल्याब स्थापना, चीनमा अध्ययरत विद्यार्थीहरुको उद्धारजस्ता प्रभावकारी कामका अतिरिक्त आम नागरिकको गम्भिर चासोका थप विषयमा संगठनले नेपाल सरकारसमक्ष अविलम्ब पहलगर्न अपिल गर्दछ ।

**तपसिल:**

- लकडाउन सुरुवातसँगै नेपाल भारत सिमानाकामा नेपाली नागरिक अहिले पनि रोकिएर अलपत्र परिरहेका र केहीले खोलामा हामफाली जीवन जोखिममा पारेको देखिएकोले अविलम्ब नेपाल प्रवेश गराई ब्यवस्थापन गरियोस् । साथै, भारत प्रवेश गर्न चाहने भारतीय नागरिकलाई पनि उनको मुलुक प्रवेशको ब्यवस्था मिलाईयोस् ।
- जनस्वास्थ्यमा खेलबाड नगरियोस्, यस सम्बन्धमा उठेका जनचासो अविलम्ब संबोधन गरियोस् । बिश्व स्वास्थ्य संगठनले स्थापित मान्यता अनुरुपका स्वास्थ्य उपकरण मात्र प्रयोग होस् र स्वास्थ्य उपचारमा बिना भेदभाव कमजोर र न्यून आय भएका तप्काको समेत पहुँच सुनिश्चित गरियोस् ।
- यस राष्ट्रिय संकटमा सरकारले आम नागरिकप्रति विनयशीलता देखाईयोस र सर्वदलीय एवं सर्वपक्षिय छलफल बढाई नागरिक समाज, मानव अधिकार समुदाय, स्वतन्त्र प्रेसको समेत सद्भाव लिईयोस् ।
- नीजि अस्पताललाई बिना भेदभाव गुणस्तरीय उपकरणयुक्त बनाईयोस् । साथै, राज्यलाई असहयोग गरे अविलम्ब कानूनको दायरामा ल्याईयोस् ।
- राहत बितरण तथा सम्पूर्ण उद्धार कार्यहरु एकद्धार प्रणाली अपनाई स्थानीय निकाय, राष्ट्रसेवक कर्मचारीको उपस्थितिमा गरियोस् ।
- यस सघन घडिमा पनि नेपालमा बस्दै आएका भुटानी, तिब्बती र रोहिङ्गालगायतका शरणार्थी र उनिहरुका शिबिरहरुमा राहत, स्वास्थ्य सामग्री वितरण एवं उद्धारमा नछुट्याईयोस् ।
- खाद्यान्न, इन्धनलगायतका दैनिक अत्यावश्यक उपभोग्य बस्तुहरुको आपूर्ति र ब्यवस्थापनमा सरकारी उपस्थिति अनिवार्य गरियोस् ।
- ब्यापक आवाज उठेको कालोबजारी नियन्त्रणमा शून्यसहनशीलता अपनाईयोस् र असहाय, अपाङ्ग, बृद्धवृद्धा बालबालिका, सुत्केरी तथा दैनिक कमाएर खाने बर्गलाई राहत बितरणमा प्राथमिकता दिईयोस् ।
- जस्तोसुकै परिस्थितिमा पनि नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र र नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय सन्धीहरुको पालना गरियोस् ।

महामुनीश्वर आचार्य

अध्यक्ष

सम्पर्क -९८५१२११४३२

P.O. Box 5424, Anamnagar, Kathmandu, Nepal, Tel: +977-1-4269948, Fax: +977-1-4229949